नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १३१ २०८२ साल पुस ७ गते सोमबार (22 Dec 2025 Monday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेसको चुनौती. ३ पृष्ठमा : निर्वाचनको तयारीमा ... ३ पृष्ठमा :अफगानिस्तानमा यात्रुवाहक बस दुर्घटना...

# योगदानमा आधारित सामाजिक सुरक्षा योजनाबारे निर्माण श्रमिकलाई प्रशिक्षण





**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

सप्तरीका निर्माण श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाबारे आईतबार राजविराजमा एकदिने प्रशिक्षण दिईएको छ ।

सामाजिक सुरक्षा अभियान अन्तर्गत योगदानमा आधारित सामाजिक सुरक्षामा यहाँका निर्माण श्रमिकहरुलाई आबद्ध गराउने उद्देश्यले सो प्रशिक्षण दिईएको हो ।

नेपाल निर्माण तथा सम्वद्ध श्रमिक संघ सप्तरीले आयोजना गरेको प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथि नेपाल निर्माण तथा सम्वद्ध श्रमिक संघका केन्द्रिय अध्यक्ष प्रदीप आचार्यले श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा जोड्न प्रेरित गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको बताए ।

उनले सामाजिक सुरक्षामा जोडिने विधि, यसको प्रावधान र यसबाट हुने लाभबारे निर्माण श्रमिकलाई जानकारी दिन यस्तो कार्यक्रम गरिएको धारणा राखे ।

"आफ्नो र आफ्ने परिवारको भविष्य सुरक्षित राख्न योगदानमा आधारित सामाजिक सुरक्षा योजना एकदमै कार्यक्रम महत्वपूर्ण भएकाले यसमा सबैलाई जोडिन आग्रह गर्दछु" उनले भने ।

कार्यक्रममा सामाजिक सुरक्षा कोष विराटनगरका लेखा अधिकृत पवन यादवले औषधि उपचार, दुर्घटना तथा अशक्त सुरक्षा योजना, आश्रित पारिवार सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजनाबारे निर्माण श्रमिकहरुलाई सहजीकरण गरे ।

नेपाल निर्माण तथा समृद्ध श्रमिक संघ सप्तरीका जिल्ला अध्यक्ष रामसेवक रामको अध्यक्षतामा आयोजित कार्यक्रममा सप्तरीका ४० जना निर्माण श्रमिकहरुको सहभागिता रहेको थियो ।

यसैबीच नेपाल निर्माण तथा सम्वद्ध श्रमिक संघका केन्द्रिय अध्यक्ष प्रदीप आचार्यको नेतृत्वमा सम्वद्ध श्रमिक संघ सप्तरीका पदाधिकारी तथा श्रमिक मजदुरहरुले राजविराज नगरपालिकामा ध्यानाकर्षण पत्र बुझाएका छन् ।

समाजिक सुरक्षा कोषमा श्रमिकहरुलाई आवद्ध गर्न आवश्यक बजेट तथा वडा दहदेखि श्रमिकको परिचय पत्र प्रदान सहितका १० बुदें माग सहित ध्यानाकर्षण पत्र बुझाईएको छ ।

# कञ्चनरुपमा आगलागी र झडप : एक जनामाथि चुलेसी प्रहार, पाँच जना फरार



**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा आगलागी र त्यसपछि भएको झडपमा चुलेसी प्रहार बाट दुईजना घाईते भएका छन् ।

नगरपालिकाको वडा नम्बर ११ गोरपारमा आगलागी र त्यसपछि उत्पन्न विवादका क्रममा चुलेसी प्रहार हुँदा दुई जना घाइते भएका हुन् ।

शनिबार साँझ स्थानीय मो. दाबुदको फुसको गोठमा राखिएको परालको टालमा अचानक आगलागी भयो ।

*बाँकी चार पृष्ठमा*

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्य:**
१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) बाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) बाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

# राजविराजमा मनाइयो द्वितीय विश्व ध्यान दिवस




**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

द्वितीय विश्व ध्यान दिवसको अवसरमा राजविराजमा आईतबार प्रवचन तथा ध्यान कार्यक्रम गरिएको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि आचार्य सत्येन्द्र कुमारजी ले ध्यानको विषयमा प्रवचन दिए ।

उनले सत्ता सञ्चालनमा जबसम्म ध्यान, धर्म र उपदेश मिसिदैन तव सम्म समाजमा नकारात्मकता फैलिरहने बताए ।

समाजलाई सकारात्मक बनाउन प्रत्येक व्यक्तिले ध्यानलाई जिवनमा महत्व दिन आवश्यक रहेको भन्दै कुनैपनि सत्ता चलाउन ध्यान र उपदेश दिने उपयुक्त ऋषी आवश्यक रहेको धारणा राखे ।

प्रवचनको क्रममा उनले अहिलेको युगमा नकारात्मता फैलाउनमा समाजिक सञ्जालले प्रमुख भूमिका निर्वाह गरिरहेको भन्दै अहिले नकारात्मक कुराहरु नै त्यसै कारण छिटो पोपुलर भईरहेको बताए । यसबाट सचेत भएर दिनको मात्र १५ मिनेट ध्यान र सकारात्मक सोचका लागि समय खर्चिए ज्ञान पनि पाउने र तनावबाट पनि मुक्त हुने विश्वास व्यक्त गरे ।

प्रवचनकै क्रममा आचार्य सत्येन्द्रले सहभागीहरुलाई ध्यानको अभ्यास पनि गराएका थिए ।

नेपाल पत्रकार महासंघमा आयोजित कार्यक्रममा अध्यक्ष श्रवणकुमार देवले आचार्य सहित सहभागिहरुलाई स्वागत गरेका थिए ।

## सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं।

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं।
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं।
- सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ‘प्रविधिमार्फत हुने लैङ्गिक हिंसाबाट जोगाउन प्रभावकारी कदम आवश्यक छ’

काठमाडौँ, ६ पुस (रासस) ।

आधुनिक प्रविधिको प्रयोग बढ्दै जाँदा प्रविधिमार्फत हुने लैङ्गिक हिंसाका घटना पनि बढ्न थालेपछि बालबालिका र किशोरकिशोरी जोगाउन तत्काल प्रभावकारी कदम चाल्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । डिजिटल प्रविधिको दुरुपयोगका कारण यस्ता हिंसाका घटना बढ्दै गएकाले यसले पीडितको जीवन तथा जीविकोपार्जनमा गम्भीर असर पारिरहेको बताएका हुन् ।

‘प्रविधिमार्फत हुने लैङ्गिक हिंसाबाट प्रभावित किशोरकिशोरी, बालबालिका, युवा तथा महिलाको न्यायमा पहुँच’ विषयक राष्ट्रिय संवादमा सहभागी वक्ताले प्रविधिमार्फत हुने लैङ्गिक हिंसाबाट बालबालिका, किशोरकिशोरी, महिला तथा सीमान्तकृत समुदायलाई संरक्षण गर्न सरकार, सुरक्षा निकाय र नागरिक समाजले तत्काल तथा समन्वित पहल गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी उपसचिव नीरा अधिकारीले विद्यमान कानुनले डिजिटल प्रविधिबाट हुने लैङ्गिक हिंसाको परिवर्तनशीलस्वरूप र गम्भीरतालाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको बताउनुभयो ।

प्रविधिको दुरुपयोग रोक्दै यसको सकारात्मक उपयोगलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिँदै उहाँले सामाजिक सञ्जालको प्रभावका कारण बालविवाहजस्ता हानिकारक अभ्याससमेत बढेको उल्लेख गर्नुभयो ।

डिजिटल साक्षरताको अभाव र न्यायमा कमजोर पहुँचका कारण अपाङ्गता भएका महिला तथा किशोरीसहित सीमान्तकृत समूह बढी प्रभावित भएको बताउँदै उहाँले घरेलु हिंसा (कसूर तथा सजाय) ऐनलगायत कानुन संशोधन प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) र साथी संस्थाले आयोजना गरेको कार्यक्रममा नेपाल प्रहरी साइबर ब्युरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले अनलाइन ग्रुमिङ, सहमतिबिना व्यक्तिगत तस्बिर तथा भिडियो सार्वजनिक गर्ने र डिजिटल जबर्जस्ती असुली प्रविधिमार्फत हुने प्रमुख लैङ्गिक हिंसा भएको बताउनुभयो ।

उहाँले साइबर हिंसालाई स्पष्ट रूपमा परिभाषित नगरेको कानुनी कमजोरी, प्रदेश तहमा दक्ष जनशक्तिको अभाव र ९० दिनको हदम्यादका कारण अनुसन्धानमा समस्या हुने गरेको उल्लेख गर्नुभयो । सामाजिक सञ्जाल कम्पनीबाट आवश्यक विवरण प्राप्त गर्न ढिलाइ हुँदा मुद्दा अघि बढाउन कठिनाइ हुने भन्दै साइबर ब्युरोलाई थप स्रोतसाधन र संस्थागत क्षमता आवश्यक रहेकामा उहाँले जोड दिनुभयो ।

अन्तरलिङ्गी अधिकारकर्मी इसान रेग्मीले प्रविधिलाई केवल मोबाइल फोन वा सामाजिक सञ्जालमा सीमित रूपमा नबुझ्न आग्रह गर्दै जन्मकैबेला अन्तरलिङ्गी बालबालिकामाथि सहमतिबिनै गरिने शल्यक्रियामा चिकित्सकीय प्रविधिको दुरुपयोग भइरहेको बताउनुभयो । यसले शारीरिक स्वायत्तता उल्लङ्घन र दीर्घकालीन क्षति पुऱ्याउने भन्दै प्रविधिसम्बन्धी अधिकार उल्लङ्घनबारे व्यापक बुझाइ आवश्यक रहेकामा जोड दिनुभयो ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले प्रविधि प्रयोगमार्फत हुने लैङ्गिक हिंसालाई ‘नयाँ महामारी’को सङ्ज्ञा दिँदै यसले पीडितको जीवनमा दीर्घकालीन असर पार्ने बताउनुभयो । उहाँले पीडितलाई बोल्न सक्षम बनाउने वातावरण सिर्जना गर्न, पुनःस्थापना र दीर्घकालीन सुधारमा लगानी गर्न नागरिक समाजलाई आग्रह गर्नुभयो ।

यसैगरी, कार्यक्रममा राष्ट्रिय बालअधिकार परिषद्का देवीप्रसाद डोटेलले बालबालिकामाथि हुने हिंसाका घटना व्यवस्थापनका लागि बालसंरक्षण प्रणाली मजबुत बनाउनुपर्ने बताउनुभयो । उहाँले बाल हेल्पलाइन र बालबालिका खोजतलास समन्वय केन्द्रजस्ता संयन्त्र सक्रिय रहेको जानकारी दिनुभयो ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कांग्रेसको चुनौती र डा. शेखरको सङ्कल्प



डा. शोभाकर पराजुली

नेपाली कांग्रेसको सभापति निर्वाचन सामान्य आन्तरिक प्रतिस्पर्धा मात्रै होइन । यो चुनावमा पार्टीले एउटा कठोर प्रश्नको जवाफ दिनुपर्नेछ । कांग्रेस बचाउने नेतृत्व चाहिन्छ कि कुर्सी मिलाउने सभापति ? यही प्रश्नको केन्द्रमा डा. शेखर कोइरालाको नेतृत्व बहस उभिएको छ ।

मूलतः अहिले चुनाव जित्ने होइन । कांग्रेस जोगाउने कुरा हो । कांग्रेसले विगतमा आफ्नो आन्तरिक जीवनको चुनावी गणित धेरै मिलायो । तर संगठन जोगाउन सकेन । सभापति निर्वाचनलाई सत्ता नजिक पुग्ने सिँढी बनाइयो, पार्टी सुधार्ने उपकरण बनाइएन । डा. शेखर कोइरालाको सवाल यही हो( पहिला पार्टी, अनि मात्र सत्ता ।

सत्ता चाहने धेरै छन् तर पार्टी बनाउने भने न्यून छन् । अब नेपाली कांग्रेसलाई केवल गुटको मुखिया होइन गुट तोड्ने सभापति चाहिएको छ । मुलुकभरका कार्यकर्ता, पार्टीका मौन समर्थक तथा विदेशमा रहेको ठुलो नेपाली समाजले नेपाली कांग्रेसमा बदलाव खोजिरहेको छ । नयाँ र ताजा सुरुआत खोजिरहेको छ । पुरानो र नयाँ पीढी जोड्ने सेतु व्यक्तित्वको प्रतीक्षामा छन् उनीहरू ।


कांग्रेसलाई आज विपक्षीले नभएर गुटले कमजोर बनाएको छ । सभापति गुट सन्तुलनकर्ता भएन भने कांग्रेस कहिल्यै उठ्दैन । डा. शेखर कोइरालासँग जोडिएको अपेक्षा स्पष्ट छ( गुट चलाउने होइन, गुट समाप्त गर्ने नेता चाहियो । गुट चलाएर, घुर्की दिएर जितिएको सभापतित्व पार्टीको हार हो । पुस्तान्तरण केवल भाषणमा होइन अब कुर्सीमा देखिनुपर्छ ।

कांग्रेसमा युवा ‘भोलिको आशा’ भनेर प्रयोग हुन्छन् । आजको निर्णयकर्ता हुँदैनन् । अब त्यस्तो अवस्था सधैं रहनु हुँदैन । डा. शेखर कोइरालाको नेतृत्व बहस घोषणाको होइन । त्यही एकै ठाउँमा जकडिएको कुर्सी नयाँ पङ्क्तिमा सार्ने साहसको परीक्षा हो । युवाले खोजेको ‘पोस्टर’ हो कि ‘पोटेन्सियालिटी’ भन्ने व्यवहारिक जवाफको प्रतीक्षामा छन् सबै ।

आजको दिनमा वैचारिक अस्पष्टता नै कांग्रेसको पहिचानको सङ्कट हो । आजको कांग्रेस के हो भनेर सोध्दा नेताले पनि गोलमटोल जवाफ दिन्छन् । लोकतान्त्रिक समाजवाद केवल नारामा मात्र बाँकी छ ।

डा. शेखर कोइरालाको धार स्पष्ट छ( कांग्रेस सत्तामुखी दल होइन, लोकतान्त्रिक विवेकको संस्था हो । विचार हरायो भने संगठन पोस्टरमा मात्र बाँच्छ । सरकारले पार्टी चलाउने कि पार्टीले सरकार ? कांग्रेस सत्तामा पुग्नेबित्तिकै पार्टी मौन हुन्छ तर सरकार सर्वशक्तिमान् हुन पुग्छ । विकृति आउने त्यहीबाट हो ।

यो रोग सभापतिले नै निको पार्नुपर्छ । त्यसैले डा. शेखर कोइरालाको नेतृत्व बहस पार्टीलाई सरकारको छायाबाट निकाल्ने अडान हो । पार्टी बोल्न नसक्ने भए सभापति किन चाहियो ? जितको गणितभन्दा भरोसाको राजनीति चाहिएको छ । कांग्रेसले पटक( पटक सरकार त बनायो तर जनताबाट भने झनै टाढा गयो । गणितले सरकार टिकाउँछ तर भरोसाले इतिहास बनाउँछ । डा. शेखर कोइरालाको



राजनीति यही भरोसा पुनर्निर्माणको दाबी हो । मत किन्ने राजनीति छोटो हुन्छ । भरोसा जित्ने राजनीति दीर्घकालीन हुन्छ । अन्तिम फैसला गर्ने मतपत्रमार्फत अब नाम होइन नियत छानिँदैछ । यो सभापति निर्वाचनमा कांग्रेसले व्यक्ति छान्दै छैन( यो चुनावमा गुट कि संस्था, कुर्सी कि सुधार, सत्ता कि सिद्धान्त छानिँदैछ ।

डा. शेखर कोइरालाको नेतृत्व बहस कुनै गुटको अभियान होइन बरु कांग्रेस परिवर्तन गर्न अझै बाँकी छ कि छैन भन्ने अन्तिम परीक्षण हो । यो चुनावमा कुर्सी कसले पाउँछ भन्ने होइन, कांग्रेस बाँच्छ कि बाँच्दैन भन्ने छिनोफानो गर्ने अवसर हो ।

नेपाली कांग्रेस नेपालमा लोकतान्त्रिक आन्दोलनको सबैभन्दा पुरानो र निर्णायक राजनीतिक शक्ति हो । राणा शासनविरुद्धको संघर्षदेखि संविधानसभासम्मको यात्रामा कांग्रेसले लोकतन्त्र, नागरिक स्वतन्त्रता र समावेशी राज्यको आधार निर्माणमा ऐतिहासिक योगदान दिएको छ । तर विडम्बना , यही गौरवशाली इतिहास आज कांग्रेसका लागि शक्ति मात्र नभएर चुनौती पनि बन्दै गएको छ ।

नेपाली कांग्रेस अझै पनि आफूलाई आन्दोलनको इतिहासबाट वैध ठान्ने मानसिकतामा अल्झिएको देखिन्छ । बदलिँदो समाज, प्रविधि र राजनीतिक चेतनाको सन्दर्भमा कांग्रेसको संगठनात्मक संरचना, निर्णय प्रक्रिया र राजनीतिक संवाद अपेक्षित गतिमा अद्यावधिक हुन सकेको छैन । इतिहासको स्मरण प्रेरणाका लागि हुनुपर्थ्यो । तर अक्सर आत्मसन्तुष्टिको कवच बन्दै गएको छ ।

कांग्रेसभित्र पुस्तान्तरण औपचारिक रूपमा स्वीकार गरिए पनि व्यवहारमा त्यो सीमित व्यक्तित्व वरिपरि घुमिरहेको छ । युवा पुस्तालाई भाषणमा अवसरको कुरा गरिन्छ । तर निर्णय तहमा उनीहरूको सार्थक उपस्थिति कमजोर छ । नेतृत्व परिवर्तनलाई खतरा ठान्ने संस्कृतिले संगठनलाई गतिहीन बनाइरहेको छ । कांग्रेसको सबैभन्दा पुरानो र गहिरो समस्या गुटबन्दी हो । विचार र नीतिभन्दा पनि व्यक्ति र शक्ति सन्तुलनका आधारमा गुट निर्माण हुनु पार्टीको संस्थागत क्षयको सङ्केत हो ।

गुटबन्दीले कांग्रेसलाई ‘संगठन’ भन्दा ‘संघर्षरत समूहहरूको जमात’ जस्तो बनाइरहेको छ । लोकतान्त्रिक समाजवाद कांग्रेसको औपचारिक वैचारिक आधार हो । तर व्यवहारमा कांग्रेस न त स्पष्ट समाजवादी कार्यक्रमसहित देखिन्छ न बजारमुखी नीतिप्रति इमानदार वैचारिक बहसै गर्छ । नयाँ पुस्ताका मतदाताले सोध्ने प्रश्न सरल छ( कांग्रेस के मानेमा फरक छ ? यसको स्पष्ट जवाफ दिन कांग्रेस अझै असमर्थ देखिन्छ ।

कांग्रेस सत्तामा पुग्दा ‘स्थिरता’ का नाममा यथास्थितिवादी अभ्यासमा रमाउने आरोप लाग्ने गरेको छ । प्रशासनिक सुधार, सुशासन, दल(राज्य दूरी, भ्रष्टाचार नियन्त्रण जस्ता विषयमा कांग्रेसको कार्यसम्पादन अपेक्षाअनुसार देखिँदैन । यसले कांग्रेसलाई परिवर्तनको वाहक होइन व्यवस्थापक पार्टीका रूपमा सीमित गरिदिएको छ । डिजिटल युगमा राजनीति केवल सभा र विज्ञप्तिमा सीमित छैन । तर कांग्रेसको संवाद शैली अझै पुरानै ढाँचामा अडिएको देखिन्छ ।

युवा मतदाता केवल नाराले होइन, दृष्टि, अवसर र विश्वसनीयताले आकर्षित हुन्छन्, जहाँ कांग्रेस कमजोर देखिन्छ । संघीयता कांग्रेसकै नेतृत्वमा स्थापित भएपनि यसको प्रभावकारी कार्यान्वयन, प्रदेश(स्थानीय तहसँगको सम्बन्ध र समावेशी शासन अभ्यासमा कांग्रेसले अपेक्षित नेतृत्व दिन सकेको छैन । नीति बनाउने र त्यसलाई जीवन बनाउने बीचको दूरी कांग्रेसको अर्को चुनौती हो ।

सङ्कट कि अवसर ! नेपाली कांग्रेस आज यहि गम्भीर दोसाँधको मोडमा उभिएको छ । यो अवस्था पतनको सङ्केत मात्र पक्कै होइन आत्मसमीक्षा र पुनर्निर्माणको अवसर पनि हो । कांग्रेसले आन्तरिक लोकतन्त्र बलियो बनाउँदै पुस्तान्तरणलाई व्यवहारमा उतारेको खण्डमा, स्पष्ट वैचारिक दिशा तय गरेमा तथा नागरिकसँग नयाँ भाषामा संवाद गर्न सकेको अवस्थामा अझै नेपालको लोकतान्त्रिक राजनीतिमा केन्द्रीय भूमिका निर्वाह गर्न सक्षम छ । नत्र, इतिहासको भारी बोकेर भविष्य गुमाउने खतरा सधैँ रहिरहनेछ ।

नेपाली कांग्रेसको सबैभन्दा ठुलो चुनौती विपक्षी होइन, आफ्नै परिवर्तन क्षमताको परीक्षा हो । नेपाली कांग्रेस आज केवल सत्ताको गणितमा अल्झिएको दल होइन । आफ्नै अस्तित्व र दिशामाथि प्रश्न उठिरहेको ऐतिहासिक मोडमा उभिएको पार्टी हो । यही सन्दर्भमा डा. शेखर कोइरालाको नेतृत्व बहस कुनै व्यक्तिको महत्वाकांक्षा मात्र होइन । कांग्रेसको आत्मसुधार सम्भव छ कि छैन भन्ने परीक्षण बिन्दुका रूपमा देखा परेको छ ।

नेपाली कांग्रेसको वर्तमान सङ्कट विपक्षी दलको चुनौती भन्दा पनि आन्तरिक जडता, गुटबन्दी र वैचारिक अस्पष्टतासँग गाँसिएको छ । यस्ता बेला नेतृत्व बहस व्यक्तित्व भन्दा प्रणाली र संस्कृतिको बहस हुनुपर्छ । डा. शेखर कोइरालाको उदय यही प्रश्नसँग जोडिएको छ( के कांग्रेस अब पनि व्यक्ति(केन्द्रित शक्ति सन्तुलनमै सीमित रहनेछ कि संस्थागत नेतृत्वतर्फ मोडिनेछ ?

कोइराला नाम कांग्रेसका लागि केवल इतिहास होइन नैतिक दायित्व पनि हो । तर डा. शेखर कोइरालाको पहिचान केवल वंशीय विरासतमा सीमित छैन । पार्टीभित्र उनी प्रायःविधि र प्रक्रियाको पक्षधर, आन्तरिक लोकतन्त्रको वकालत गर्ने तथा सत्ता भन्दा संगठनलाई प्राथमिकता दिनुपर्ने धार प्रस्तुत गर्ने नेताका रूपमा चिनिन्छन् । नेतृत्व बहस यहाँ अमुक नामलाई अघि सारेर थालिएको बुद्धिविलास पक्कै होइन राजनीतिक शैलीको विमर्श हो ।

गुटबन्दीको विकल्प कि अर्को गुट भन्ने पनि महत्वपूर्ण प्रश्न छ । कांग्रेसको दीर्घकालीन रोग गुटबन्दी हो । डा. शेखर कोइरालासँग जोडिएको मुख्य अपेक्षा यही हो( उनले पनि गुटको नेतृत्व गर्नेछन कि गुटभन्दा माथि उठ्ने राजनीतिक संस्कार निर्माण गर्न सक्नेछन् ?

उनको नेतृत्व गुट सन्तुलनमै सीमित भयो भने यो बहस पनि अरूजस्तै अर्थहीन बन्नेछ । तर यदि उनले संस्थागत सुधारलाई प्राथमिकता दिए भने कांग्रेसको चरित्र नै बदलिन सक्छ । डा. शेखर कोइरालाको नेतृत्व बहस युवा पुस्तासँग गहिरो रूपमा जोडिएको छ ।

कांग्रेसको मुख्य कमजोरी नै युवालाई सुन्ने नभएर प्रयोग गर्ने प्रवृत्ति बनेको छ । यदि शेखर कोइरालाले युवालाई निर्णय तहमा सार्थक स्थान,

*बाँकी तीन पृष्ठमा*

***कांग्रेसको...***

वैचारिक बहसमा सहभागिता र संगठनात्मक अवसर दिन सके भने त्यो केवल पुस्तान्तरण होइन( पार्टी संस्कृतिको परिवर्तन हुनेछ ।

नेपाली कांग्रेस आज 'मध्यमार्गी' भन्ने नाममा वैचारिक धूमिलतामा फसेको छ । डा. कोइरालाले बारम्बार लोकतान्त्रिक मूल्य, सवैधानिकता र विधिको शासनको कुरा उठाएका छन् । नेतृत्व बहसको सार यही हो( कांग्रेस सत्ता जित्ने मेसिन बन्ने कि लोकतान्त्रिक मूल्यको संस्थागत संरक्षक ? कांग्रेस सत्तामा पुग्दा पार्टी निष्क्रिय र सरकार केन्द्रित हुने प्रवृत्ति देखिन्छ । शेखर कोइरालाको धारले पार्टीलाई सरकारको छाया होइन त्यसलाई निर्देशन गर्ने संस्थाका रूपमा पुनर्स्थापित गर्ने सङ्केत गर्छ ।

यो दृष्टिकोण कार्यान्वयन हुन सके कांग्रेसको विश्वसनीयता पुनर्जीवित हुन सक्छ । डा. शेखर कोइरालाको नेतृत्व बहस कुनै व्यक्ति जित्ने(हार्ने प्रतिस्पर्धा मात्र होइन । यो कांग्रेसको भविष्य कुन बाटो हिँड्छ भन्ने निर्णय हो । यदि कांग्रेसले आन्तरिक लोकतन्त्रलाई आत्मसात् गर्ने, गुटभन्दा विचारलाई प्राथमिकता दिने र युवासँग भरोसाको नयाँ सम्बन्ध बनाउने नेतृत्व रोज्न सक्यो भने डा. शेखर कोइरालाको नेतृत्व परिवर्तनको सङ्केत बन्न सक्छ ।

नत्र, यो बहस पनि कांग्रेसको लामो इतिहासको कडीमा अर्को अधुरो अवसर भएर मात्र रहनेछ । डा. शेखर कोइरालाले थालेको बहसको केन्द्रीय प्रश्न व्यक्तिको छनोटमा सीमित छैन( नेपाली कांग्रेस परिवर्तन गर्न साँच्चै तयार छ कि छैन भन्नेमा केन्द्रित छ ।

***-रातोपाटीबाट***

# निर्वाचनको तयारीमा लाग्न प्रधानमन्त्रीको आग्रह



काठमाडौँ, ६ पुस (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्ति र स्थिरताका लागि प्रतिनिधिसभाको निर्वाचन तोकिएकै समयमा हुनुपर्ने बताउनुभएको छ ।

प्रधानमन्त्री कार्कीले इलाम क्षेत्र नं २ का निवर्तमान सांसद सुहाङ नेम्बाङ नेतृत्वको प्रतिनिधिमण्डलसँग सिंहदरबारमा आज भएको भेटमा यो सरकार चुनाव गराउनैका लागि आएकाले अब कुनै दुविधा नराखी चुनावको तयारी गर्न पनि आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "हामी चुनाव गराउनै लागिरहेका छौँ । असामान्य अवस्थामा शान्ति स्थापना र चुनाव गराउनकै लागि आएका हौँ । शान्ति स्थापना र कानुनको शासन बहालीमा सफलता मिलेको छ । अबको हाम्रो लक्ष्य चुनाव गराउने हो । चुनाव भए मात्र मुलुकमा दिगो शान्ति र स्थायित्व सुनिश्चित हुन्छ ।"

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार पूर्वसांसद नेम्बाङले प्रधानमन्त्री कार्कीलाई चुनाव गराउन सफलता मिलोस् भनेर शुभकामना पनि दिनुभयो ।

प्रधानमन्त्री कार्कीले यहाँसँग चुनावमा उठ्ने तयारी के छ भनेर पनि जिज्ञासा राख्नुभएको थियो । जवाफमा उहाँले चुनावको तयारी गरिरहेको बताउनुभयो । प्रधानमन्त्री कार्कीले उहाँलाई शुभकामना दिँदै अब युवा नै अघि सर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "चुनाव हुन्छ, तयारी अवस्थामा रहनू । तपाईंहरुजस्तो युवा आउनुपर्छ र देशको बागडोर सम्हाल्नुपर्छ । अनि मात्र देशमा केही हुन्छ । बाँसको कलमले अक्षर लेख्न सिकेकाहरुले स्मार्टफोनसँगै जन्मिएकाहरुमाथि शासन गरेर हुँदैन । पुरानाको अनुभव र सल्लाह काम लाग्ला तर चालक सिटमा युवा नै आउनुपर्छ । देश युवाले नै हाँक्नुपर्छ । युवामा साहस र ऊर्जा छ ।"

पूर्वसांसद नेम्बाङले इलाममा बाढीपहिरोका कारण क्षतिग्रस्त राजमार्ग र पुल पुनर्निर्माणमा तदारुकता देखाउनुपर्ने भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । प्रधानमन्त्री कार्कीले हालै भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङ स्थलगत अवलोकन गरी फर्किएको र यस विषयमा सरकार गम्भीर रहेको जानकारी दिनुभयो ।

## विश्व समाचार

### अफगानिस्तानमा यात्रुबाहक बस दुर्घटना हुँदा ६ जनाको मृत्यु, ४२ जना घाइते

काबुल, ६ पुस (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको उत्तरी बग्लान प्रान्तमा आइतबार बिहान यात्रुबाहक बस दुर्घटनामा पर्दा कम्तीमा ६ जनाको मृत्यु भएको छ भने ४२ जना घाइते भएका छन् ।

स्थानीय प्रहरीका अनुसार काबुललाई उत्तरी प्रान्तहरूसँग जोड्ने प्रमुख मार्ग सालाङ राजमार्गमा बस अनियन्त्रित भई दुर्घटना भएको हो । प्रान्तीय प्रहरी प्रवक्ता मौलवी शिर अहमद बुर्हानीले लापरवाहीपूर्वक सवारी चलाइएकाले दुर्घटना भएको जानकारी दिनुभएको छ ।

प्रवक्ताका अनुसार मृत्यु हुनेमा ६ जना यात्रु रहेका छन् भने घाइतेमध्ये दुई महिला र दुई बालबालिका पनि छन् ।

घाइते सबैलाई उपचारका लागि बग्लान प्रान्तीय अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

### सीमा विवादका कारण कम्बोडियामा जनजीवन प्रभावित : १९ जनाको मृत्यु, हजारौं विस्थापित

फोनोम पेन, ६ पुस (रासस/सिन्ह्वा) ।

कम्बोडियामा थाइल्यान्डसँगको सीमाक्षेत्र विवाद जारी रहँदा १९ जना नागरिकको मृत्यु भएको छ । यो विवादको १५औँ दिन हो ।

कम्बोडियाको रक्षा मन्त्रालयका उपसचिव तथा प्रवक्ताले जानकारी दिनुभएको अनुसार, मृतकमध्ये एक शिशु पनि छन् भने ७९ जना नागरिक घाइते भएका छन् ।

सिमा विवाद ७ डिसेम्बरदेखि फेरि बढेको हो र दुबै पक्षमा मानव क्षति भएको छ ।

कम्बोडियाको आन्तरिक मन्त्रालयका अनुसार, अहिलेसम्म यो विवादका कारण पाँच लाख १० हजारभन्दा बढी मानिसहरू सुरक्षित स्थलतर्फ विस्थापित भएका छन् ।

### अमेरिकाद्वारा भेनेजुएलाको तटमा फेरि तेल ट्याङ्कर जफत

वासिङ्टन, ६ पुस (रासस/एएफपी) ।

संयुक्त राज्य अमेरिकाले शनिबार भेनेजुएलाको तट नजिकबाट एउटा तेल ट्याङ्कर नियन्त्रणमा लिएको छ । भेनेजुएलाले यस कदमलाई वासिङ्टनको दबाब अभियानको पछिल्लो कडी भन्दै 'चोरी र अपहरण' को संज्ञा दिएको छ ।

दुई हप्ताभित्र दोस्रो पटक अमेरिकी सेनाले यस क्षेत्रमा तेल ट्याङ्कर रोकेको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलामा जाने र त्यहाँबाट बाहिरिने 'प्रतिबन्धित तेल जहाजहरू' अवरुद्ध गर्ने घोषणा गरेपछि यो घटना भएको हो ।

अमेरिकी गृहमन्त्री क्रिस्टी नोमले एक्समार्फत जानकारी दिँदै डिसेम्बर २० को बिहान अमेरिकी तटरक्षकले रक्षा मन्त्रालयको सहयोगमा भेनेजुएलामा अन्तिम पटक डक गरिएको तेल ट्याङ्कर नियन्त्रणमा लिएको बताउनुभयो । सो पोस्टसँगै सार्वजनिक गरिएको भिडियोमा हेलिकप्टर समुद्रमा रहेको ठूलो ट्याङ्करमाथि उडिरहेको दृश्य देखाइएको थियो ।

काराकासले यस घटनाको कडा निन्दा गर्दै यसलाई गम्भीर अन्तर्राष्ट्रिय अपराध भनेको छ र जिम्मेवार व्यक्तिहरूले न्याय र इतिहासको सामना गर्नुपर्ने चेतावनी दिएको छ । गृह मन्त्रालयका अनुसार 'सेन्चुरी' नामक उक्त जहाजले अमेरिकी प्रतिबन्धअन्तर्गत पर्ने तेल बोकेको आशङ्का गरिएको छ। ट्याङ्करट्र्याकरका अनुसार यो चिनियाँ स्वामित्वको, पानामाको झण्डा बोकेको तेल ट्याङ्कर हो ।

उक्त ट्याङ्करले यस महिनाको सुरुमा भेनेजुएलाको बन्दरगाहबाट करिब १८ लाख ब्यारेल कच्चा तेल लोड गरी डिसेम्बर १८ मा विशेष आर्थिक क्षेत्रबाट बाहिरिएको बताइएको छ । यद्यपि एएफपीको समीक्षाअनुसार उक्त जहाज अमेरिकी अर्थ मन्त्रालयको स्वीकृत सूचीमा प्रत्यक्ष रूपमा समावेश देखिँदैन ।

ह्वाइट हाउसकी उप प्रवक्ता अन्ना केलीले ट्याङ्करमा भेनेजुएलाको राज्य तेल कम्पनी पिडिभिएसएको स्वीकृत तेल रहेको दाबी गर्दै यसलाई 'स्याडो फ्लीट' अन्तर्गत झुटो झण्डा प्रयोग गरी सञ्चालन गरिएको जहाज बताउनुभएको छ ।

यसअघि डिसेम्बर १० मा पनि अमेरिकी सेनाले भेनेजुएलाको तट नजिकै अर्को ठूलो ट्याङ्कर जफत गरेको थियो । उक्त ट्याङ्कर भेनेजुएलाबाट इरानतर्फ प्रतिबन्धित तेल ढुवानीमा संलग्न रहेको बताइएको थियो ।

संयुक्त राज्य अमेरिकाले लागुऔषध तस्करी नियन्त्रणका नाममा क्यारिबियन क्षेत्रमा ठूलो सैन्य तैनाथी बढाउँदै आएको छ तर भेनेजुएलाले यसलाई विशेष रूपमा आफूलाई लक्षित अभियानको रूपमा हेरेको छ। भेनेजुएलाका रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले राज्य टेलिभिजनमार्फत 'हामी झूट, हेरफेर, हस्तक्षेप र सैन्य धम्कीविरुद्ध लडिरहेका छौँ, यसले हामीलाई डराउने छैन' भन्दै प्रतिवाद गर्नुभएको छ ।

विदेशमन्त्री यवन गिलले इरानले अमेरिकी 'समुद्री डकैती र अन्तर्राष्ट्रिय आतङ्कवाद' विरुद्ध भेनेजुएलालाई सबै क्षेत्रमा समर्थन गर्न तयार रहेको जानकारी दिनुभएको छ। हाल क्यारिबियन क्षेत्रमा ११ अमेरिकी युद्धपोत तैनाथ छन्, जसमा विश्वकै ठूलो विमानवाहक जहाजसमेत समावेश छ।

काराकासले यस अभियानलाई राष्ट्रपति निकोलस मदुरोलाई सत्ताबाट हटाउने र भेनेजुएलाको तेल 'चोर्ने' प्रयासको रूपमा व्याख्या गरेको छ । यसैबीच, दक्षिण अमेरिकी मर्कोसुर शिखर सम्मेलनका क्रममा पनि भेनेजुएला मुद्दाले क्षेत्रीय र अन्तर्राष्ट्रिय राजनीतिक बहसलाई थप चर्काएको छ ।

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

- भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**

**राजविराज**

प.सं. २०८२/०८३ मिति: २०८२/०९/०१

च.नं. ३२८५

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।**

रैती नं. ७ राम भगत उपाध्यायको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे जोगियाको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. नेगडा वडा नं. ३ हाल परिवर्तित बोदेबर्साइन न.पा. वडा नं. २ बस्ने बौकाईको नाति कारी साहको छोराहरु हिरालाल साह-१ दाबालाल साह-१ किसुन लाल साह-१ समेत जना-3 को यस कार्यालयमा द.नं. ७४८७ मिति २०८२/०८/१५ गतेमा निवेदन परि हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/०१ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४३९ | नेगडा | २ | १७७ | ०-११-१७.५ | कारी साहु तेली | फिल्डबुक को कैफियत महलमा यो जग्गा वडा नं. ३ बस्ने कारी साहुको नम्बरी हो भनि उल्लेख रहेको । |

# तिलाठी कोईलाडीका दुई वडा बालबिवाह मुक्त घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका दुईवटा वडालाई बालविवाह मुक्त घोषणा गरिएको छ।

गाउँपालिकाको वडा नं. र २ लाई औपचारिक रुपमा आइतबार बालविवाह मुक्त घोषणा गरिएको हो।

वडा नं. १ को कार्यालयले आयोजना गरेको कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले बालविवाह सामाजिक र कानुनी अपराध भएको बताए।

यसको अन्त्यका लागि केवल कानुन मात्र नभई समुदायको चेतना र सक्रियता आवश्यक रहेको भन्दै उनले बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य र भविष्यमा गम्भीर असर पार्ने गरेको उल्लेख गरे।

उनले बालविवाह हुन नदिन वडा स्तरबाट निरन्तर अनुगमन, जनचेतना अभिवृद्धि र सम्बन्धित निकायसँग सहकार्य गरिने प्रतिबद्धता समेत जनाए।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, अभिभावक, महिला समूह, बाल क्लब तथा विभिन्न सरोकारवालाहरुले बालविवाह नगर्ने र देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउने सामूहिक प्रतिबद्धता समेत जनाए।

तिलाठी कोईलाडी गाउँपालिका वडा नं. १ को अध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत सरोज कुमार कर्ण, वडा नं. २ का अध्यक्ष कमल कुमार मण्डल, बाल कल्याण अधिकारी शैलेन्द्र कुमार सिंह लगायत स्थानीय तहका प्रतिनिधि, विद्यालयका शिक्षक-विद्यार्थी, महिला समूह, अभिभावक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुले आ-आफ्ना धारणा राखेका थिए।

# बिष्णुपुर ४ बालबिवाह मुक्त घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं. ४ लाई बालबिवाह मुक्त घोषणा गरिएको छ।

"नै करु बियाहके बात, बियाह करु बीस बर्षके बाद" नारा सहित आइतबार सो वडालाई बालबिवाह मुक्त घोषणा गरिएको हो।

सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको सहयोगमा जनता मावि. कनकटामा आयोजित घोषणा कार्यक्रममा प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष उमेश कुमार यादवले ब्यानर पढेर वडालाई बालबिवाह मुक्त घोषणा गरे।

वडा अध्यक्ष श्रीचन साहको अध्यक्षतामा समहारोमा वडा




नं. ७ का अध्यक्ष लोचन साह, विद्यालयका निमित प्रअ छत्र नारायण यादव, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अनुप सागर साह, समाजसेवी बीरेन्द्र साह, मनोज साह, रामकुमार यादव र वडा नं. ४ का सदस्य धनराज मण्डल, रामचलितर मण्डल, अनिरा सदा, राधादेवी साह लगायतका वक्तताहरुले कम उमेरमा बिवाह गर्दा शारिरीक मानसिक तथा आर्थिक भार पर्ने भएकोले बीस बर्ष पुरा भएपछि मात्र बिवाह गर्न आग्रह गर्दै घोषणाले मात्र हुदैन यसको कार्यन्वयन समेत हुनुपर्नेमा जोड दिए।

# जेनजी अगुवा ढुङ्गानाको नेतृत्वमा शान्तिपूर्ण आन्दोलन घोषणा

काठमाडौं, ६ पुस (रासस)।

जेनजी अगुवा मिराज ढुङ्गानाको समूहले जेनजीको माग, मुद्दा सम्बोधन नभएको भन्दै १० बुँदे एजेण्डासहित आन्दोलनको घोषणा गरेको छ।

सो समूहले आज यहाँ पत्रकार सम्मेलन गरी युवाको भावनाबमोजिम सरकार सञ्चालन नभएको आरोप लगाउँदै सोमबारदेखि शान्तिपूर्ण आन्दोलन गर्ने जनाएको छ।

सो अवसरमा जेनजी अगुवा ढुङ्गानाले विकृति, विसङ्गति र भ्रष्टाचारको अन्त्यसहित सुशासनका पक्षमा भएको गत आन्दोलनको मर्म र भावनाबमोजिम परिणाम आउन नसकेकाले आफूहरू पुन:सडकमा आउन बाध्य भएको बताउनुभयो।

उहाँले राज्यको पुन:संरचना, राजनीतिक स्थिरता, निष्पक्ष न्याय र संविधान पुनर्लेखनसहित संवैधानिक सुधार, पक्राउ परेका जेनजी अभियन्ताको तत्काल रिहाइ र आन्दोलनका क्रममा युवाको हत्यामा संलग्न दोषीमाथि निष्पक्ष छानबिन गरी कडाभन्दा कडा कारबाही गर्ने माग गर्नुभयो।

सो समूहले आन्दोलनका घाइतेलाई उचित क्षतिपूर्तिसहित राहतको व्यवस्था, सहिद परिवारको सम्मान, रोजगारी र सुरक्षासहितको स्थायी व्यवस्था, सबै तह र निकायमा भएका भ्रष्टाचारको निष्पक्ष छानबिनका लागि शक्तिशाली भ्रष्टाचार निर्मूल आयोग गठन गर्न, विदेशमा रहेका नेपालीलाई मताधिकारको व्यवस्था गर्न, उखुकिसान र सहकारीपीडितलाई न्याय दिन तथा जेनजी आन्दोलनका क्रममा उठाइएका मागमुद्दालाई सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गरेको छ।

*कञ्चनरुपमा...*

आगलागीपछि स्थानिय मो. जमिलले आगो लगाएको भनी मो. दाबुदले आरोप लगाएपछि दुबैबीच विवाद भै-झगडा हुँदा जमिलले कुटपिट र अहमदले चुलेची प्रहार गर्दा दाबुदको दाहिने तिघ्रामा काटी घाईते भएको र उनका आमा मरियम खातुनको दाहिने चोरी औलामा सामान्य काटिएर घाईते भएको प्रहरीले जनाएको छ।

दुबैजनाको स्थानिय अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए।

चुलेसी हान्ने र कुटपिटमा संलग्न स्थानीय ४० बर्षीय मो. जमिल, २६ बर्षीय सुलतान र सलाम, २५ बर्षीय ऐजरायल तथा अहमद फरार रहेकोमा उहाँहरुको खोजतलास भइरहेको प्रहरी उपरीक्षक काफ्लेले बताए।

विवादहुनु अघि दाबुदको गोठमा भएको आगलागीबाट एक लाख ५० हजार रुपैयाँ मुल्य बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ।

नेपाल प्रहरी, कञ्चनरुप नगरपालिकाको दमकल र स्थानीयवासीको सहयोगमा एक घण्टापछि आगो पूर्ण रुपमा नियन्त्रणमा लिइएको थियो।

# नेजपा हिन्दु राष्ट्रको प्रमुख ऐजेण्डा बोकेर संगठन विस्तारमा




**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

नेपाल जनता पार्टी (नेजपा) ले संगठन विस्तार अभियान चलाएको छ। "हिन्दु राष्ट्र कायम गरौं"प्रमुख नाराका साथ संगठन विस्तार अभियान चलाएको हो।

अभियान अन्तर्गत सप्तरीको राजविराजमा आईतबार साँझ सम्म चलेको बृहत भेलाले दिपेन्द्र प्रसाद यादवको अध्यक्षतामा २१ सदस्यीय नेपाल जनता पार्टी सप्तरीको गठन गरेको हो।

नव गठित कार्य समितीको उपाध्यक्षमा भुटनी देवी राम, कृष्ण कुमार साह, महामन्त्री संजय कुमार कोडगिया र कोषाध्यक्षमा विद्यानन्द नन्दी सर्वसम्मतीले चयन भएका छन।

यस्तै मन्त्रीहरुमा हरिदेव राम, भगवान लाल सोनार, प्रमोद देव तथा सदस्यहरुमा विनोद साह, गीता दास, रामचन्द्र यादव, विजया देवी लक्ष्मी झा, जगदिश कविरथ, लक्ष्मी कुमारी राम, चन्द्रिका कुमारी यादव, दिवाकर राय, भुली देवी खड्ग, इन्दु गिरी, संगीता सिंह र शुभाषचन्द साह चयन भएको पार्टीका जिल्ला प्रवक्ता ममता कुमारी यादवले जानकारी दिइन।

कार्यक्रममा प्रमुख अतिथी बिघटित प्रतिनिधिसभा सदस्य एवं समाजसेवी रञ्जुकुमारी ठाकुर, बजरंग दल सप्तरीका अध्यक्ष आकाश यादव र हिन्दु सम्राट सेना सप्तरीका अध्यक्ष जयराम यादव लगायतले शुभकामना दिएका थिए।

२०७५ सालमा निर्वाचन आयोगमा दर्ता भएको सो पार्टीको राष्ट्रिय अध्यक्ष त्रिभुवननाथ पाठक छन।

नवगठित समितीका अध्यक्ष यादवले हिन्दु राष्ट्र निर्माणका लागि आफुहरुको पार्टी गठन भएको भन्दै भविष्यमा देशैभर यो पार्टीको संगठन फैलिने दाबी गरे। उनले छिमेकी मुलुक भारतको भारतीय जनता पार्टी संग नाम, झण्डा र चुनाव चिन्ह मिल्नु संयोग मात्र भएको बताएका छन।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु पर्ने मा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुरहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*